चिचिला गाउँपालिका, सङ्खुवासभाद्वारा

प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ | सङ्ख्याः १ | मितिः २०८२/०३/११

## भाग-१

## चिचिला गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम चिचिला गाउँपालिकाको गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

# आर्थिक ऐन, २०८२

प्रमाणीकरण र प्रकाशन मितिः २०८२/०३/११

चिचिला गाउँपालिका

**<u>प्रस्तावनाः</u>** चिचिला गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम “आर्थिक ऐन, २०८२” रहेको छ ।

(२) यो विधेयक २०८२ साल साउन १ गतेदेखि चिचिला गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **<u>जग्गाको मूल्याङ्कन र मालपोत करः</u>** (१) चिचिला गाउँपालिका क्षेत्रभित्रका जग्गाहरूको न्यूनतम मूल्याङ्कन अनुसूची-१ बमोजिम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम न्यूनतम मूल्याङ्कन कायम हुने जग्गामा अनुसूची-२ बमोजिम भूमि कर (मालपोत) लगाई असुल गरिनेछ ।

(३) उपदफा (२) बमोजिम लाग्ने कर म्यादभित्र दाखिला नभएमा अनुसूची-३ बमोजिम थप शूल्क लिइनेछ ।

(४) उपदफा (२) बमोजिम लाग्ने करमा अनुसूची-४ बमोजिम छुट दिन सकिनेछ ।

३. **<u>एकीकृत सम्पत्ति करः</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूची-५ को दर अनुसार एकीकृत सम्पत्ति कर लगाई असुल गरिनेछ ।

४. **<u>घर बहाल करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा १० प्रतिशतको दरले घर जग्गा बहाल कर लगाई असूल गरिनेछ ।

५. **<u>निकासी व्यवसाय करः</u>** गाउँपालिका क्षेत्रभित्र अनुसूची-६ बमोजिम निकासी व्यवसाय कर लगाई असूल गरिनेछ ।

६. **<u>व्यवसाय करः</u>** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची-७ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **<u>जडीबुटी संकलन करः</u>** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, जडीबुटी, वनकस र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य चिजवस्तुको संकलन गर्नका लागि अनुसूची-८ बमोजिम कर लगाई असुल गरिनेछ ।

८. **उत्पादनमूलक उद्योगः** गाउँपालिका क्षेत्रभित्र सञ्चालित उत्पादनमूलक उद्योग व्यवसायमा अनुसूची-९ बमोजिम उत्पादनमूलक उद्योग कर लगाई असुल गरिनेछ ।

९. **जडिबुटी, कवाडी र जीवजन्तु निकासी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार वा निकासी गरेबापत अनुसूची-१० बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

१०. **फोहोरमैला सरसफाई तथा सडक सेवा शूल्कः** गाउँपालिका क्षेत्रभित्रका सडकमा गुड्ने सवारी साधनमा अनुसूची-११ बमोजिम फोहोरमैला तथा सडक सेवा शूल्क लगाई असुल उपर गरिनेछ ।

११. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-१२ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१२. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची-१३ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१३. **सरकारी सम्पत्तिको बहालबाट प्राप्त आयमा लाग्ने करः** सरकारी सम्पत्तिलाई भाडामा लगाई प्राप्त आयमा अनुसूची-१४ बमोजिम कर लगाई असुल गरिनेछ ।

१४. **बहाल बिटौरी शूल्कः** गाउँपालिका क्षेत्रभित्र गाउँपालिकाले आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची-१५ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शूल्क लगाइने र असूल उपर गरिनेछ ।

१५. **सेवा शूल्क दस्तुरः** गाउँपालिकाले उपलब्ध गराउने अनुसूची-१६ मा उल्लिखित सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार सेवा शूल्क लगाई असूल उपर गरिनेछ ।

१६. **व्यवसाय दर्ता शूल्कः** चिचिला गाउँपालिकामा व्यवसाय दर्ता, नवीकरण गर्दा अनुसूची-१७ बमोजिम दर्ता शूल्क लाग्नेछ ।

१७. **पञ्जिकरण बिलम्ब शूल्कः** गाउँपालिकाका सेवाग्राहीले व्यक्तिगत घटना दर्ता गर्न ३५दिनभित्र आएको खण्डमा निःशूल्क दर्ता गरिनेछ तर तोकिएको मितिमा

घटना दर्ता नगरेमा अनुसूची-१८ बमोजिम बिलम्ब शूल्क लगाई असुल गरिनेछ ।

१८. **<u>अन्य विविध व्यवस्थाः</u>** (१) गाउँपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरूबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शूल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आबद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नु पर्नेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१८ मा उल्लिखित अन्य सेवाहरूका लागि सोही बमोजिम शूल्क दस्तुर कर लाग्नेछ ।

१९. **<u>विविधः</u>** कुनै पनि व्यक्तिले चिचिला गाउँपालिका मार्फत दिइने सेवा सुविधा, अनुदान प्राप्त गर्न वा अनुदान प्राप्त गर्ने उपभोक्ता समितिको सदस्य बन्न यस ऐन बमोजिम तिर्नुपर्ने कर, सेवा शूल्क तिरेको हुनु पर्नेछ ।

२०. **<u>कर तथा शूल्क सम्बन्धी कार्यविधिः</u>** यस ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

चिचिला गाउँपालिका

## अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**जग्गाको न्यूनतम मूल्याङ्कन**

| मुख्य क्षेत्र | स्थान | न्यूनतम मूल्य प्रतिरोपनी रु. |
|---|---|---|
| (क) सडक तथा व्यापारिक क्षेत्र | छ्याङ्गुटीदेखि गोगनेसम्म तथा कुवापानी कसाने हुँदै देउरालीसम्म उत्तर दक्षिण कोशी राजमार्ग देखि १०० मिटर दायाँबायाँ आसपास क्षेत्र | ५ लाख |
| | चिचिला बजार देखि वैशाखे गैरीसम्म उत्तर दक्षिण सडक खण्डको कोशी राजमार्ग २०० मिटर दायाँ बायाँ आसपास क्षेत्र | ५ लाख |
| | देउराली, बर्खेगाउँ समूह भवन आसपास, ढाँडगाउँ चिलाउने चौतारा ५० मिटर दायाँबायाँ आसपास क्षेत्र | १ लाख ३० हजार |
| | इम्चोङ वडा कार्यालय आसपास हुँदै देउराली आ.वि. आसपास, गैरीआङ्ला समुह भवन आसपास, याफुडाँडा हुँदै गुरुङगाउँ, केत्रागाउँ क्षेत्र, नामा क्षेत्र, खेउटार क्षेत्र, प्रभात मा.वि. गुफाडाँडा क्षेत्र १०० मिटर दायाँबायाँ आसपास क्षेत्र | १ लाख ५० हजार |
| | तम्बे अरुण किनार, हाँडीखोला दोभान, कागुवा दोभान ३०० मिटरसम्मको क्षेत्र | २ लाख ५० हजार |
| | छ्याङ्गुटीडाँडा आसपास सडकको १५० मिटर दायाँबायाँभित्र पर्ने क्षेत्र | ५ लाख |
| | भातेखोला, ठूलो स्वाँरा-आहाले (चियाबारी, अलैंचीबारी) | ४ लाख |
| | तेर्से डाँडा लिलादेवि गुरुङको घर आसपास-आहाले (१५० मिटर दायाँबायाँ भित्र पर्ने क्षेत्र) | ५ लाख |

| | | |
|---|---|---|
| | काफलडाँडा-छुकुरे खओला, धराने पुछार (अलैंचीबारी) | ४ लाख |
| | छुकुरे खोला-श्री कालिका सामुदायिक भवन ओखरे | ५ लाख |
| | श्री कालिका सामुदायिक भवन, ओखरे छुट्ने दोबाटो, ताले (अलैंचीबारी) | ४ लाख |
| | ओखरे जाने दोबाटो-ताले-लप्से-चौकुने डाँडा (१५० मिटर दायाँबायाँ भित्र पर्ने क्षेत्र) | ५ लाख |
| | भिरथाप्ले-माडी-कागुवा खोला, लप्से (अलैंचीबारी) | ४ लाख |
| | कागुवा खोला-तेलुवा-माङटाङ्वा-बेंशी-पुखुवासम्म (१५० मिटर दायाँबायाँ भित्र पर्ने क्षेत्र) | ५ लाख |
| | डाँडागाउँ जालपा मा.वि. र दिदिङ्ग स्वास्थ्य चौकी आसपास | २ लाख |
| | तीनघरे ३ नं. वडा कार्यालय ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | १ लाख ५० हजार |
| | जुके कागते खार्मिले खालिङगाउँ बलौटे डाँडागाउँ भिङ्गुमा र धजे हुरुरु सडक, कालठुट्टा आसपास १०० मिटरसम्मको क्षेत्र | २ लाख |
| | सातबैनी लसुने वरडाँडा डुँडे कमलबोटे सडक १०० मिटरसम्मको क्षेत्र | १ लाख |
| | पिपलडाँडा, मत्स्यपोखरी, ढुङ्गेधारा १०० मिटर आसपासको क्षेत्र | २ लाख ५० हजार |
| | माङ्भाया, थेवे, बाक्सिदा, ईभा, देविटार सडकदेखि ५० मिटर आसपास क्षेत्र, ५ नं. वडा कार्यालय आसपासको क्षेत्र | २ लाख ५० हजार |
| | याक्सागाउँ हुँदै दोभानसम्म सडकदेखि ५० मिटर आसपासको क्षेत्र | ३ लाख |
| | वंशिनाम खोलाघारी क्षेत्र | २ लाख ५० हजार |

| | | |
|---|---|---|
| | चिचिला चक्रपथ सडक आसपास ५० मिटर दायाँबायाँ क्षेत्र स | २ लाख ५० हजार |
| | मध्यम स्तरका सडक आसपास ३० मिटर दायाँबायाँ क्षेत्र | १ लाख ५० हजार |
| | कृषि सडक आसपास २० मिटर दायाँबायाँ क्षेत्र | ७५ हजार |
| **(ख) आवासीय क्षेत्र** | बर्खे, आरुबोटे, डेवाँबजार, चनौटे, लोक्ताम, पोखरीगाउँ, ढाँडगाउँ, ठोट्ने, सिङ्गेडाँडा, कार्कीगाउँ, नयाँबस्ती, ढुङ्ग्रे, सोभाङ्मा, सौरे ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र | १ लाख |
| | आहाले, ओखरे, लप्से, बखुँवा, इम्चोङ, नेचालीगाउँ, गुरुङगाउँ, नौलेगाउँ, केत्रागाउँ, पाप्ला, सोवक, थरीगाउँ, साम्पाङगाउँ, गैरीआङ्ला, भेडिखर्क, बाघबिसौना, डाँडा, बर्देउ, नामा, खेउटार, तम्बे, गैरी, ज्यामिरे ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला २) | १ लाख ५० हजार |
| | खर्सु, तीनघरे, फाकादाम, सिरुबारी, सातघरे, बास्थला, गैरीगाउँ, बाँझेनी, ढोलबाजे क्षेत्र (चिचिला ३) | १ लाख |
| | डाँडागाउँ, माङ्टाङ्गा र बेंशी, टमुवा मलबासे क्षेत्र | १ लाख ५० हजार |
| | मत्स्यगाउँ, खालिङगाउँ, भिङ्गुमा, डाँडागाउँ, खार्मिले, कागते, धजे, बलौटे, कुवापानी, हुरुरु, संक्रान्ते, देउराली क्षेत्र (चिचिला ४) | १ लाख |
| | देविटार, याक्सागाउँ, गौरुङगाउँ, गैरीगाउँ, रुप्लुङ, मुलगाउँ, थेवे, वंशिनाम, सुनारगाउँ, पन्थखर्क, बाक्सिदा, माङमाया, ईभा ५० मिटर दायाँ बायाँ आसपास क्षेत्र (चिचिला ५) | १ लाख |
| **(ग) कृषि क्षेत्र** | खेत तर्फको (अब्बल) | २५ हजार |

| | | |
|---|---|---|
| **(चिचिला गाँउपालिका भित्र)** | खेत तर्फको (दोयम) | २० हजार |
| | खेत तर्फको (सिम) | १५ हजार |
| | खेत तर्फको (चाहार) | १० हजार |
| | पाखो तर्फको (अब्बल) | २० हजार |
| | पाखो तर्फको (दोयम) | १५ हजार |
| | पाखो तर्फको (सिम) | १२ हजार |
| | पाखो तर्फको (चाहार) | १० हजार |

चिचिला गाँउपालिका

अनुसूची-२

(दफा २ को उपदफा (२) सँग सम्बन्धित)

**मालपोत करको दर**

| **कर योग्य एकीकृत सम्पत्तिको मूल्याङ्कन मूल्य (रु.मा)** | **वार्षिक दर प्रति लाख (रु.मा)** | **अधिकतम कर रकम (रु. मा)** | **अधिकतम सञ्चित (Cumulative) कर (रु. मा)** | **कैफियत** |
|---|---|---|---|---|
| पाँच लाख रुपैयाँसम्म | १०० | ५०० | ५०० | |
| ५००००१ देखि पचास लाख रुपैयाँसम्म | २० | ४५० | ९५० | |
| ५०००००१ देखि एक करोड रुपैयाँसम्म | १५ | ७५० | १७०० | |
| १०००००००१ देखि पाँच करोड रुपैयाँसम्म | १० | ८००० | ९७०० | |
| ५००००००१ देखि पच्चिस करोड रुपैयाँसम्म | १० | ५०००० | ५९७०० | |
| २५०००००००१ देखि पचास करोड रुपैयाँसम्म | १० | ७५०००० | १३४७०० | |
| ५०००००००१ देखि एक अर्ब रुपैयाँसम्म | १० | १७५००० | ३०९७०० | |
| एक अर्ब भन्दा माथि | १० | | | |

अनुसूची-३

(दफा २ को उपदफा (३) सँग सम्बन्धित)

| विवरण | थप शुल्कको दर प्रतिशत |
|---|---|
| असारमसान्त भन्दा १ महिना म्याद नाघेमा | ५% |
| म्याद नाघेको ३ महिनासम्म | १५% |
| म्याद नाघेको ६ महिनासम्म | २५% |
| म्याद नाघेको म्याद नाघेको ६ महिनाभन्दा पछि | ५०% |

चिचिला गाउँपालिका

अनुसूची-४

(दफा २ को उपदफा (४) सँग सम्बन्धित)

| **विवरण** | **छुट शुल्क दर प्रतिशत** |
|---|---|
| पौष मसान्तसम्म | १०% |
| चैत्र मसान्तसम्म | ५% |

चिचिला गाउँपालिका

अनुसूची-५

(दफा ३ सँग सम्बन्धित)

**सम्पत्ति करको दर**

| क्र.सं. | सम्पत्ति करको मूल्याङ्कन | | |
|---|---|---|---|
| | देखि | सम्म | लाग्ने कर दर प्रतिशतमा |
| १. | १ | ५०००० | ०.०५% |
| २. | ५००००१ | १०००००० | ०.०५% |
| ३. | १००००००१ | १५०००००० | ०.०५% |
| ४. | १५००००१ | २०००००० | ०.०५% |
| ५. | २००००००१ | २५००००० | ०.०५% |
| ६. | २५००००१ | ३०००००० | ०.०५% |
| ७. | ३००००००१ | ४०००००० | ०.०५% |
| ८. | ४००००००१ | ५०००००० | ०.०५% |
| ९. | ५००००००१ | ७५००००० | ०.०५% |
| १०. | ७५००००१ | १०००००००० | ०.०५% |
| ११. | १००००००१ | १५०००००० | ०.०५% |
| १२. | १५००००००१ | २०००००००० | ०.०५% |
| १३. | २००००००१ | २५०००००० | ०.०५% |
| १४. | २५००००००१ | ३०००००००० | ०.०५% |

अनुसूची-६

(दफा ४ सँग सम्बन्धित)

**<u>निकासी व्यवसाय करको दर</u>**

| **क.सं.** | **विवरण** | **विस्तृत विवरण** | **एकाई** | **दर (रु.)** |
|---|---|---|---|---|
| १. | काठ निकासी (गोलिया/ चिरानी काठ) | प्रति ट्रयाक्टर | प्रति पटक | ५०० |
| | | प्रति टिपर | प्रति पटक | १५०० |
| | | प्रति ट्रक | प्रति पटक | २५०० |
| २. | चिरानी काठ | प्रति क्यु.फि. | प्रति पटक | ५ |
| ३. | सामूदायिक वनबाट आय | | | कुल आयको १०% |

चिचिला गाउँपालिका

अनुसूची-७

(दफा ५ सँग सम्बन्धित)

**व्यवसाय करको दर**

| क.सं. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १. | मदिरा पसल | वितरक | प्रति वर्ष | ३५०० |
| | | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | १२०० |
| २. | सुनचाँदी पसल | थोक | प्रति वर्ष | ३४५० |
| | | खुद्रा पसल र मर्मत | प्रति वर्ष | १२०० |
| ३. | औषधी पसल | थोक | प्रति वर्ष | ४६०० |
| | | खुद्रा (डाक्टर भएको) | प्रति वर्ष | २३०० |
| | | खुद्रा (डाक्टर नभएको) | प्रति वर्ष | १२०० |
| ४. | माछामासु बिक्री पसल | | प्रति वर्ष | ११५० |
| ५. | आयुर्वेदिक औषधी पसल | | प्रति वर्ष | ६०० |
| ६. | एग्रोभेट पसल (भेटनरी) | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ६०० |
| ७. | स्टेशनरी तथा पुस्तक पसल | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ६०० |
| ८. | कस्मेटिक पसल | | प्रति वर्ष | ६०० |
| ९. | फर्निचर | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १०. | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण | ट्र्याक्टर | प्रति पटक | २५० |
| | | ट्रक, टिपर | प्रति पटक | ७०० |
| ११. | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | प्रति वर्ष | १००० |
| | | हाते मेसिन | प्रति वर्ष | २०० |
| १२. | किरानापसल | थोक | प्रति वर्ष | १००० |
| | | खुद्रा | प्रति वर्ष | ८०० |
| १३. | फलफूल/तरकारी पसल | थोक | प्रति वर्ष | ५७५ |
| | | खुद्रा | प्रति वर्ष | ३४५ |
| १४. | उपहार/गिफ्ट/खेलौना पसल | थोक | प्रति वर्ष | ११५० |
| | | खुद्रा | प्रति वर्ष | ५७५ |

| क्र.सं. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १५. | भाँडापसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | प्रति वर्ष | २३०० |
| | | खुद्रा | प्रति वर्ष | ११५० |
| १६. | माटाको भाँडा पसल | थोक, खुद्रा | प्रति वर्ष | ५७५ |
| १७. | होटल व्यवसाय | चमेना गृह मात्र | प्रति वर्ष | ५०० |
| | | स्वीकृत प्राप्त मदिरा व्यवसाय सहित | प्रति वर्ष | १५०० |
| | | स्वीकृत प्राप्त मदिरा रहित आवासीय सुविधा भएको | प्रति वर्ष | १००० |
| | | स्वीकृत प्राप्त मदिरा सहित आवासीय सुविधा भएको | प्रति वर्ष | २५०० |
| | होमस्टे | | प्रतिवर्ष | ५०० |
| १८. | घ वर्ग निर्माण व्यवसाय कर | घ वर्ग निर्माण व्यवसाय | प्रति वर्ष | ६००० |
| १९. | वित्तीय | वाणिज्यबैंक प्रति शाखा/केन्द्रीय कार्यालय | प्रति वर्ष | ६००० |
| २०. | | विकास बैंक प्रति शाखा/ केन्द्रीय कार्यालय | प्रति वर्ष | ५७५० |
| २१. | | फाइनान्स कम्पनी शाखा कार्यालय | प्रति वर्ष | ५७५० |
| २२. | | वित्तीय/ ऋण सहकारी संस्था | प्रति वर्ष | १५०० |
| २३. | | मनी ट्रान्सफर | प्रति वर्ष | १७२५ |
| २४. | | मावि/ उच्चमावि (निजी) | प्रति वर्ष | १०००० |
| २५. | | आधारभूत (निजी) | प्रति वर्ष | ७००० |

चिचिला गाउँपालिका

| क्र.सं. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| २६. | | प्राथमिक (निजी) | प्रति वर्ष | ५००० |
| २७. | | पूर्व प्राथमिक (निजी) | प्रति वर्ष | ३००० |
| २८. | | कम्प्युटर, मोबाइल | प्रति वर्ष | ११५० |
| २९. | | मोटरसाइकल मर्मत | प्रति वर्ष | ११५० |
| ३०. | | अन्य विविध मर्मत | प्रति वर्ष | ११५० |

चिचिला गाउँपालिका

अनुसूची-८

(दफा ६ सँग सम्बन्धित)

**जडीबुटी संकलन कर**

| **क.सं.** | **विवरण** | **विस्तृत विवरण** | **एकाई** | **दर रु.** |
|---|---|---|---|---|
| १. | चिराईतो | गाउँपालिकाको भित्रको | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| | | गाउँपालिका बाहिरको | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार ५ सय |
| २. | सतुवा | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ३. | हरचुर्ण | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ४. | ठूलो ओखती | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ५. | पाखनवेद | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ६. | यार्सागुम्बा | गाउँपालिका भित्रको | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| | | गाउँपालिका बाहिरको | प्रतिव्यक्ति प्रतिवर्ष | २ हजार |
| ७. | हर्रा | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ८. | बर्रा | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |
| ९. | मञ्जितो | - | प्रतिव्यक्ति प्रतिवर्ष | १ हजार |

अनुसूची-९

(दफा ८ सँग सम्बन्धित)

**उत्पादनमूलक उद्योग कर**

| **क्र.सं.** | **विवरण** | **विस्तृत विवरण** | **इकाई** | **दर (रु.)** |
|---|---|---|---|---|
| १. | कुटानी पेलानी/ मिल | - | प्रति वर्ष | १२०० |
| २. | काठको भाँडाकुडाँ बनाउने व्यवसाय | | प्रति पटक | १००० |
| ३. | मसला मिल | यदि मसला मिल रहेको मिलबाटै कुटानी पेलानीमिल पनि छ भने कुटानी पेलानी मिलकै व्यवसाय कर लाग्नेछ । | प्रति वर्ष | ११५० |
| ४. | डेरीउद्योग/व्यवसाय | - | प्रति वर्ष | १२०० |
| ५. | रुद्राक्ष खरिद बिक्री | प्रति के.जी. | | २ |

चिचिला गाउँपालिका

अनुसूची-१०

(दफा ९ सँग सम्बन्धित)

**जडीबुटी, कवाडी र जीवजन्तु निकासी कर**

| क.सं. | विवरण | विस्तृत विवरण | एकाई | दर |
|---|---|---|---|---|
| १. | अलैंची | - | प्रतिकेजी | ३ |
| २. | अमलिसो/अम्रिसो | - | प्रतिकेजी | २ |
| ३. | मजिठो | - | प्रतिकेजी | १.५ |
| ४. | रिठ्ठा | - | प्रतिकेजी | ५ |
| ५. | अमला | - | प्रतिकेजी | ३ |
| ६. | सुन्तला | - | प्रतिकेजी | १ |
| ७. | हर्रो | - | प्रतिकेजी | १ |
| ८. | बर्रो | - | प्रतिकेजी | १ |
| ९. | हाडे लसुन | - | प्रतिकेजी | १ |
| १०. | कागती | - | प्रतिकेजी | १ |
| ११. | चिराइतो | - | प्रतिकेजी | १ |
| १२. | सतुवा | - | प्रतिकेजी | १२५ |
| १३. | वन लसुन | - | प्रतिकेजी | ७५० |
| १४. | क वर्गको यार्सा गुम्बा | - | प्रतिकेजी | ११५० |
| १५. | ख वर्गको यार्सा गुम्बा | - | प्रतिकेजी | ११५० |
| १६. | ग वर्गको यार्सा गुम्बा | - | प्रतिकेजी | ५७५ |
| १७. | स्याउ | - | प्रतिकेजी | १ |
| १८. | खोखिम | - | प्रतिकेजी | २३ |
| १९. | जटामसी | - | प्रतिकेजी | ३५ |
| २०. | कुट्की | - | प्रतिकेजी | ५७.५ |
| २१. | पदमचाल | - | प्रतिकेजी | ३५ |
| २२. | हाडजोर | - | प्रतिकेजी | ३५ |
| २३. | सुनापाती धुपी | - | प्रतिकेजी | १ |
| २४. | लौठ सल्ला | - | प्रतिकेजी | २८.७५ |
| २५. | गोब्रे सल्ला | - | प्रतिकेजी | २८.७५ |
| २६. | कालो च्याउ | - | प्रतिकेजी | २३० |

| | | | | |
|---|---|---|---|---|
| २७. | रातो च्याउ | - | प्रतिकेजी | ५८ |
| २८. | बिखुमा | - | प्रतिगोटा | १.५ |
| २९. | ठुलो ओखती | - | प्रतिकेजी | ५ |
| ३०. | अल्लो | - | प्रतिकेजी | ५ |
| ३१. | अर्गेली लोक्तो | - | प्रतिकेजी | ३ |
| ३२. | सिक्रे लोक्तो | - | प्रतिकेजी | ५ |
| ३३. | कुर्सिमल | - | प्रतिकेजी | ३ |
| ३४. | कवाडी | फलाम जन्य | प्रतिकेजी | १० |
| ३५. | कवाडी | रबर तथा प्लाष्टिक जन्य ब्यारेल | प्रतिकेजी | १५ |
| **चौपाया निकासी कर** | | | | |
| ३६. | गाइ गोरु | - | प्रतिगोटा | २०० |
| ३७. | च्याङ्ग्रा | - | प्रतिगोटा | १०० |
| ३८. | भेडा | - | प्रतिगोटा | १०० |

चिचिला गाउँपालिका

अनुसूची-११

(दफा १० सँग सम्बन्धित)

**फोहोरमैला तथा सडक सेवा शूल्क**

| क्र.सं. | विस्तृत विवरण | एकाइ | दर (रु.) |
|---|---|---|---|
| १. | ६ महिनाभन्दा कम समय सञ्चालन हुने Heavy Equipment | प्रति पटक | ३००० |
| | ६ महिनाभन्दा बढी समय सञ्चालन हुने Heavy Equipment | प्रति पटक | ६००० |
| २. | साना र गाउँपालिकाद्वारा निर्मित सडकमा गुड्ने गाउँपालिका भित्रका सवारीहरू | | १० |
| ३. | गाउँपालिकाभन्दा बाहिरबाट तरकारी गाउँपालिका भित्र आउने गाडी | स्वराज ट्रक | ५०० |
| | | साना सवारी(बोलेरो सरह) | ३०० |

चिचिला गाउँपालिका

अनुसूची-१२

(दफा ११ सँग सम्बन्धित)

## विज्ञापन कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | एकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १. | विज्ञापन कर | भित्तेलेखन | प्रति वर्ग फिट | २५ |
| | | साइनवोर्ड | प्रति वर्ग फिट | २५ |
| | | डिजिटल डिस्प्ले | प्रति वर्ग फिट | १०० |
| | | पोल ब्यानर | प्रति वर्ग फिट | ५० |
| | | खेलकूद मैदान | प्रति वर्ग फिट | १०० |
| | | अस्थायी फ्लेक्स विज्ञापन | प्रति वर्ग फिट | ५७ |

चिचिला गाउँपालिका

अनुसूची-१३

(दफा १२ सँग सम्बन्धित)

**मनोरञ्जन कर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १. | मनोरञ्जन कर | सिनेमा हल प्रवेश शुल्क | प्रतिपटक | ५ |
| | | मनोरञ्जन प्रदर्शन स्थल प्रवेश शुल्क | प्रतिपटक | ५ |
| | | जादु, सर्कस, चटक | प्रतिदिन | ६०० |
| | | दोहोरी साँझ | प्रतिदिन | ५०० |
| | | मेला महोत्सव | प्रतिदिन | ५०० |
| | | नाटक | प्रतिदिन | ६०० |

चिचिला गाउँपालिका

अनुसूची-१४

(दफा १३ सँग सम्बन्धित)

## सरकारी सम्पत्तिको आम्दानीमा लाग्ने कर

| क्र.सं. | विवरण | विस्तृत विवरण | इकाई | दर (रु.) |
|---|---|---|---|---|
| १. | सरकारी सम्पतीको बहालकर | हल भाडा | प्रति पटक | ३००० |
| | | प्रोजेक्टर भाडा | प्रति पटक | ३०० |
| | | साउन्ड सिस्टम भाडा | प्रति पटक | १००० |

चिचिला गाउँपालिका

अनुसूची-१५

(दफा १४ सँग सम्बन्धित)

**बहाल बिटौरी शूल्क**

| क्र.सं. | विवरण | विस्तृत विवरण | इकाइ | दर (रु.) |
|---|---|---|---|---|
| १. | बहाल बिटौरी कर | घर/टहरो/छाप्रो | मासिक | ३०० |
| | | घुम्ती | मासिक | ५० |
| | | ठेला | मासिक | ५० |
| २. | जग्गा भएमा | जग्गा करको ७५% | | |
| ३. | हाटबजार कर | पसल (अन्य) | प्रति पसल/प्रति पटक | २० |
| | | होटल | प्रति पसल/प्रति पटक | ५०० |
| | | मदिराजन्य वस्तु बिक्री गर्ने पसल | प्रति पसल/प्रति पटक | ५० |
| | | खेल/मनोरञ्जन (रिङ) | प्रति पसल/प्रति पटक | २०० |
| | | खेल/मनोरञ्जन (रोटे पिङ) | प्रति पसल/प्रति पटक | २०० |
| | | खेल/मनोरञ्जन (लुङ्गुरबुर्जा) | प्रति पसल/प्रति पटक | २५०० |
| | | खेल/मनोञ्जन (अन्य) | प्रति पसल/प्रति पटक | ५००० |
| ४. | घर वहाल कर | | कुल भाडाको दरले १०% | |
| ५. | बहाल विटौरी शुल्क | प्रति घर | मासिक | ३०० |

अनुसूची-१६

(दफा १५ सँग सम्बन्धित)

**<u>सेवा शूल्क दस्तुर</u>**

| क.सं. | विवरण | विस्तृत विवरण | एकाई | दस्तुर (रु.) |
|---|---|---|---|---|
| १. | सिफारिस तथा प्रमाणित | नाता प्रमाणित | | ५०० |
| | | वंशज नागरिकता सिफारिस | | २०० |
| | | अंगीकृत नागरिकता सिफारिस | | ५००० |
| | | नागरिकता प्रतिलिपि सिफारिस | | २५० |
| | | बहाल करको लेखाजोखा सिफारिस | | ५०० |
| | | मोही लगत कट्टाको सिफारिस | | ७०० |
| | | घर जग्गा करको लेखाजोखा सिफारिस | | ५०० |
| | | जन्म मिति प्रमाणित | | ३०० |
| | | व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | | १५० |
| | | व्यापार व्यवसाय बन्द भएको सिफारिस | | ५०० |
| | | व्यवसाय सञ्चालन नभएको सिफारिस | | ३०० |
| | | विवाह प्रमाणित | | २५० |
| | | अविवाहित प्रमाणित | | ५०० |
| | | सम्बन्ध विच्छेद प्रमाणित | | ५०० |
| | | सशुल्क स्वास्थ्य उपचारको सिफारिस | | १५० |
| | | निःशुल्क स्वास्थ्य उपचारको सिफारिस | | निःशुल्क |
| | | वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित | | १००० |
| | | घर पातल प्रमाणित | | २०० |
| | | व्यक्तिगत विवरण प्रमाणित | | २०० |
| | | जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस (पक्की घर) | | ३०० |
| | | जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्ने सिफारिस (कच्ची घर) | | २०० |

| | | | | |
|---|---|---|---|---|
| | | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक-फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस | | २०० |
| | | नाम, थर, जन्म मिति संशोधनको सिफारिस | | ३०० |
| | | जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस | | ३०० |
| | | कित्ताकाट गर्न सिफारिस | | ३०० |
| २. | | घरजग्गा नामसारी सिफारिस | | ३०० |
| | | संरक्षक प्रमाणित गर्ने तथा व्यक्तिगत संरक्षक सिफारिस | | ५० |
| | | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत संरक्षक सिफारिस | | २०० |
| | | जीवितसँगको नाता प्रमाणित | | ५०० |
| | | मृतकसँगको नाता प्रमाणित तथा सर्जमिन सिफारिस | | ५०० |
| | | जीवित रहेको सिफारिस | | ५०० |
| | | हकवाला वा हकदार प्रमाणित | | ५०० |
| | | नक्शा नामसारी गर्न सिफारिस | | ५०० |
| | | घर जग्गा नामसारी गर्न सिफारिस | | ५०० |
| | | जग्गाको हक सम्बन्धमा सिफारिस | | २०० |
| | | उद्योग ठाउँसारी गर्न सिफारिस | | ७०० |
| | | आधारभूत विद्यालय खोल्न सिफारिस | | ७०० |
| | | जग्गा मूल्याङ्कन सिफारिस | प्रति लाख | १०० |
| | | जग्गा रोक्का सिफारिस | | २०० |
| | | विद्यालयको कक्षा थप गर्न सिफारिस | | २०० |
| | | अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | | निःशुल्क |
| | | वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस | | १००० |

| | | | | |
|---|---|---|---|---|
| | | आर्थिक अवस्था कमजोर रहेको सम्बन्धी सिफारिस | | निःशुल्क |
| | | विद्यालय मर्ज गर्न सिफारिस | | ५०० |
| | | विद्युत जडानको लागि सिफारिस | | २०० |
| | | धाराको लागि सिफारिस | | १५० |
| | | छात्रवृति सिफारीस | | १५० |
| | | विपन्न/असहायविद्यार्थी छात्रवृति सिफारिस | | निशुल्क |
| | | अपाङ्गता भएको सिफारीस | | निशुल्क |
| | | अस्थाइ बसोबास सिफारीस | | २०० |
| | | स्थायी बसोबास सिफारीस | | २०० |
| | | जीवित रहेको सिफारीस | | १००० |
| | | कोर्टफी मिनाहा सिफारीस | | निःशूल्क |
| | | नाबालक परिचयपत्र सिफारीस | | २०० |
| | | चौपाया सम्बन्धी सिफारीस | | २०० |
| | | व्यवसाय दर्ता सिफारीस | | ५०० |
| | | विद्यालय ठाउँसारी सिफारीस | | ७०० |
| | | आन्तरिक बसाइसराइ सिफारीस | | २०० |
| | | शिक्षक सरुवा सिफारिस (गाँउपालिका भित्र) | | ३०० |
| | | शिक्षक सरुवा सिफारिस (गाँउपालिका बाहिर बाट आउने र गाँउपालिका बाहिर जाने) | | ६०० |
| | | नेपालसरकारको नाममा बाटो कायम सिफारीस | | निःशूल्क |
| | | चारकिल्ला प्रमाणित | | ३०० |
| | | घरबाटो प्रमाणित बाटोभएको | | ३०० |
| | | घरबाटो प्रमाणित बाटो नभएको | | २०० |
| | | कागज/मञ्जुरिनामा प्रमाणित | | २०० |
| | | सम्पन्न सिफारीस/प्रमाणित पक्की घर | | १५०० |
| | | सम्पन्न सिफारीस/प्रमाणित कच्ची घर | | ३५० |
| | | अपुताली सिफारिस | | ७०० |

| | | | | |
|---|---|---|---|---|
| | | नक्सापास निवेदन फाराम दस्तुर | | ७०० |
| | | नक्सा नामसारी दस्तुर | | ७०० |
| | | नक्सा प्रतिलिपी दस्तुर | | ७०० |
| | | घर नक्सापास दस्तुर ढलान घर | प्रति वर्ग फिट | २ |
| | | घर नक्सापास ढलान नभएको पक्की | प्रति वर्ग फिट | १ |
| | | घर नक्सापास माटोको जोडाइ भएको कच्ची घर | प्रति वर्ग फिट | ०.५० |
| | | सरसफाइ शुल्क मासिक | | निशुल्क |
| | | सरसफाइ शुल्क सरसफाइ कार्ड | | २०० |
| | | कटानी/चिरानी सिफारिस | प्रतिरुख | २०० |
| | | अन्य सिफारीस वा प्रमाणित | | २०० |
| ३. | | आम्दानी प्रमाणित, घर बाटो प्रमाणित दस्तुर | | ३०० |
| | | योजना कार्यान्वयन विलम्व शुल्क | | ५०० |
| | | अमिन द्धारा जग्गा रेखांकन दस्तुर | प्रति पटक | १५०० |
| | | सर्जिमिन मुचुल्का सिफारिस | | २०० |
| | | दर्ता छुट जग्गा सर्जिमिन मुचुल्का सिफारिस | | ५०० |
| | | विपद् सम्बन्धी सर्जिमिन मुचुल्का सिफारिस | | निःशूल्क |
| | | आर्थिक लेनदेनको लिखित तमसुक प्रमाणित | | २०० |
| | | मिलापत्र तथा मञ्जुरीनामा सिफारिस | | ३०० |
| | | अन्य सिफारिस तथा शुल्क | | २०० |
| ४. | | अन्य लिखत प्रमाणित | | ५०० |

अनुसूची-१७

(दफा १६ सँग सम्बन्धित)

**व्यवसाय दर्ता शूल्क**

| क्र.सं. | विवरण | विस्तृत विवरण | एकाई | दर (रु.) |
|---|---|---|---|---|
| १. | नयाँ व्यवसाय शुल्क | ५ लाख सम्मको | | १००० |
| | | ५ लाखभन्दा माथिको | | १५०० |
| २. | व्यवसाय नवीकरण | ५ लाख सम्मको | | ५०० |
| | | ५ लाखभन्दा माथिको | | ७०० |
| ३. | संस्था दर्ता सिफारिस | | | ५०० |
| ४. | घ वर्ग निर्माण व्यवसाय | इजाजत | | ६००० |
| | | नविकरण | प्रति वर्ष | ३५०० |
| | | नामसारी | प्रति पटक | ३००० |
| | | ठाउँसारी | प्रति पटक | ३००० |
| | | हराएमा वा नासिएमा प्रतिलिपी | प्रति पटक | १५०० |
| | | समयमा नवीकरण नगरेमा | प्रति वर्ष | १००० |
| ५. | सहकारी | नयाँ दर्ता | प्रति पटक | २५०० |
| | | नविकरण | प्रति पटक | ७०० |
| ६. | अन्य (व्यावसायिक फर्म, गैरसरकारी प्रकृतिका संस्था) | व्यवसाय कर (दर्ता/फर्म नवीकरण कर) | | ५०० |
| | | कृषि र पशु फर्म दर्ता | प्रति पटक | १००० |
| | | कृषि फर्म नवीकरण | प्रति पटक | ५०० |
| | | संस्था, समूह, क्लव, सहकारीको प्रतिलिपि शुल्क | प्रति पटक | ३०० |
| | | व्यवसाय/संस्था/फर्म दर्ता | प्रति पटक | १००० |
| | | नवीकरण | प्रति वर्ष | ५०० |

अनुसूची-१८

(दफा १७ सँग सम्बन्धित)

**पञ्जिकरण दर्ता बिलम्ब शूल्क**

| क्र.सं. | पञ्जिकरण घटना | तोकिएको अवधि | बिलम्ब शूल्क (रु.) |
|---|---|---|---|
| १. | जन्म दर्ता | घटना भएको ३५ दिनपछि | २०० |
| २. | मृत्य दर्ता | घटना भएको ३५ दिनपछि | २०० |
| ३. | बसाइसराई जाने आउने दर्ता | घटना भएको ३५ दिनपछि | २०० |
| ४. | सम्बन्ध विच्छेद दर्ता | घटना भएको ३५ दिनपछि | २०० |
| ५. | विवाह दर्ता | घटना भएको ३५ दिनपछि | २०० |

चिचिला गाउँपालिका

अनुसूची-१९

(दफा १८ सँग सम्बन्धित)

**अन्य सेवा शूल्क तथा दस्तुर**

| क्र.सं. | विवरण | विस्तृत विवरण | एकाई | दर (रु.) |
|---|---|---|---|---|
| १. | सबै प्रकारका प्रमाणपत्र प्रतिलिपि | - | | ५०० |
| २. | उल्लेख नभएका सिफारिस | - | | २०० |
| ३. | योजना सम्झौता सिफारिस रकम | गाउँपालिकाबाट सञ्चालित | | ३०० |
| ४. | सिफारिस पत्र | गाउँपालिकाबाट प्रदान गरिने सिफारिसहरू | प्रति पटक | ३०० |
| ५. | न्यायिक दण्ड | प्रति पटक | प्रति पटक | ५०० |
| ६. | उजुरी दर्ता तथा मुद्दा दस्तुर | न्यायिक कार्यविधि बमोजिम | प्रति पटक | ३०० |
| ७. | राजपत्र, पुस्तक, नक्सा विक्री | प्रति एकाई | प्रति पटक | १० |
| ८. | सूचना दिए बापत | १० पेजसम्म निःशूल्क प्रति पटक<br>१० पेज भन्दा बढी प्रति पटक | प्रति पेज | १० |
| ९. | न्यायिक समिति प्रतिवाद अथवा प्रति उत्तर दस्तुर | प्रति पटक | प्रति पटक | ३०० |

प्रमाणीकरण मितिः २०८२/०३/११

आज्ञाले,

सन्तोष राई

चिचिला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत